# जिल्ला विकास समितिको कार्यालय,
# नेपालगंज, बांके

## जिल्ला स्तरीय बार्षिक प्रगति समिक्षा गोष्ठीबाट प्राप्त भएका कार्यक्रम संचालन सम्बन्धि जिल्ला स्तरीय समस्याहरु तथा शारांस
## आ.व. २०७१/०७२

१. जिल्ला विकास समिति लगायत अन्य विषयगत कार्यालयहरुको समग्र रुपमा वार्षिक बजेट रु. ३ अरब २२ करोड ४७ लाख ७९ हजार ४६७ मध्ये ३ अरब ४ करोड १२ लाख १६ हजार ९८० खर्च भै ९३.९९ प्रतिशत भौतिक तथा ९१.५८ प्रतिशत वित्तिय प्रगति रहेको छ भने विषयगत समितिहरुमा कृषि वन तथा वातावरण समिति तर्फको बार्षिक बजेट रु. १५ करोड ४६ **लाख ५४ हजार १०० मा रु. १३ करोड ८७ लाख ६८** हजार ९८० खर्च भै भौतिक-९६.८०, वित्तिय-९४.८५ प्रतिशत प्रगति भएको छ भने जनसंख्या, स्वास्थ्य तथा शिक्षा समिति तर्फको बार्षिक बजेट रु. ९१ करोड २४ **लाख १४ हजार ८१० मा रु. ६ करोड ९३ लाख ९० हजार ७६० खर्च भै भौतिक-९६.८**०, वित्तिय-९४.८५ प्रतिशत प्रगति हासिल गरेको छ । यसै गरी मानवीय संसाधन संस्थागत विकास तथा समन्वय समितिको बार्षिक बजेट रु. २ करोड ३२ **लाख १ हजार ४४० मा रु. २ करोड ६ लाख ६४** हजार २० खर्च भै भौतिक-९३.८४, वित्तिय-८९.०६ प्रतिशत प्रगति हसिल गरेको छ साथै जलश्रोत तथा भुमि व्यवस्थापन समिति तर्फको बार्षिक बजेट रु. १ अरब ७२ करोड ५ **लाख ५७ हजार मा रु. १ अरब ६८ करोड २ लाख ३९ हजार खर्च भै भौतिक-९३.३**, वित्तिय-९८.१२ प्रतिशत प्रगति भएको छ भने पुर्वाधार संरचना विकास समितितर्फको बार्षिक बजेट रु. ४० करोड २ **लाख २ हजार २२० मा रु. ३१ करोड ४४ लाख ३८** हजार ३८० खर्च भै भौतिक-९८.१३, वित्तिय-७७.५४ प्रतिशत प्रगति हासिल गरेको छ र महिला,बालबालिका तथा गैर सरकारी संस्था समन्वय समितिको बार्षिक बजेट रु. **८० लाख २० हजारमा रु. ७५ लाख ७०** हजार खर्च भै भौतिक-१००, वित्तिय-९९.७५ प्रतिशत प्रगति रहेको छ ।

२. समग्र जिल्ला विकास समितिको कूल बार्षिक वजेट रु. २४ करोड ७ लाख २२ हजार १८० मा वार्षिक खर्च बजेट रु. १८ करोड **१ लाख ९२ हजार** १० भै कूल भौतिक प्रगति ९५.०० प्रतिशत र वित्तिय प्रगति ९८.१८ प्रतिशत रहेको छ ।

३. सवै ४६ गाविसमा सामाजिक परिचालनको काम भई रहेको र गाविस योजना तर्जुमा प्रकृयामा वडा नागरिक मन्चको क्रियाशील भूमीकालाई सकारात्मक लिईएको छ ।

४. विभिन्न निकायहरु विच अझै पनि समन्वयको र सहकार्यको अभाव रहेको पाईयो । यसलाई न्यूनिकरण गर्न जिविसको भूमिका प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।

५. यस जिल्लाका १५ वटा गा.वि.स. हरु खुल्ला दिशामुक्त गा.वि.स. घोषणा भै सकेको छ । बांकी गाविस र नपालाई सन २०१६ सम्म खुला दिसामुक्त (ODF) जिल्ला घोषण गर्ने गरी साझेदार निकायहरु अझ बढी कृयाशिल भै लाग्नु पर्ने देखिएको छ ।

६. गैसस क्षेत्रको लगानी ठुलो देखिए पनि तत्काल उपलब्धी मापन गर्न सकिने खालका कार्यक्रमको कमी रहेकोले जिविसको छातामुनी रहि एकद्वार प्रणाली मार्फत कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।

७. वर्तमान परिप्रेक्षमा जिविसको बढदो भूमीका निर्वाह गर्न जिविसले समय सापेक्ष रुपमा आफनो क्षमता अभिवृद्धि गर्न ध्यान दिनु पर्ने ।

८. मानव विकास सूचाङ्कको आधारमा स्वास्थ्य, शिक्षा, प्राकृतिक विपदका क्षेत्रमा जिविसको उल्लेखनीय योगदान रहेको सन्दर्भमा यी क्षेत्रहरुमा आगामी दिनमा अझ लगानी केन्द्रीत गर्नु पर्ने । गाविस स्तरीय विपत प्रतिकार्य योजना तर्जुमा गर्नु पर्ने ।

९. मातृ तथा शिशु मृत्युदर घटाउन गाविस स्तरका स्वास्थ्य केन्द्रहरुमा सुत्केरी गृह निर्माणको कार्यलाई आगामी वर्षहरुमा समेत प्राथमिकता दिनु पर्ने ।

१०. विषयगत कार्यालयहरुले आ-आफना वेभसाईट निर्माण गरी कार्यालयका कृयाकलापहरु सार्वजनिक गर्ने कार्यबाट सार्वजनिक सुचना प्रवाह प्रभावकारी भएकोले यस लाई अन्य निकायहरुमा विस्तार गर्न प्रोत्साहन दिनु पर्ने देखिन्छ ।

११. सामुदायिक विद्यालयहरुको शिक्षाको गुणस्तर खस्कदो पाईएको छ । एस.एल.सी.मा समग्र जिल्लाको नतीजा अत्यन्त निरासाजनक रहेको सन्दर्भमा समग्र शैक्षिक क्षेत्रको सुधार गर्न सरोकारवालाहरुको गम्भीर ध्यानाकर्षण गराउने ।

१२. स्विकृत कार्यक्रम, बजेट अख्तियारी तथा स्विकृत कार्यक्रमहरुको मार्गदर्शन जिल्लामा समयमै उपलब्ध गराउन केन्द्रमा अनुरोध गर्ने ।
१३. व्यवसायिक पशुपालनमा वढ्दै गईरहेको रुचीलाई सम्वोधन गर्दै प्रोत्साहनका कार्यक्रम ल्याइनुपर्ने ।
१४. नेपालगञ्ज्मा व्यवस्थित पशुवधशाला, दुध डेरी, व्यवसायिक पशुपालन कार्यक्रम तथा सहकारी खेतीलाई बिशेष प्राथमिकता दिनुपर्ने ।
१५. लागू औषधको उच्च जोखिममा रहेका यूवायूवती तथा किशोर किशोरीहरुमाझ निरन्तर सचेतनामूलक कार्यक्रमको अपर्याप्तता
१६. भारतसंग खुला सीमानाका कारण लागूऔषधको समस्या सहज रुपमा उपलब्द हुने भएकोले सेवा प्रदायकहरु सेवा नियमित रुपमा नलिने
१७. मौखिक उपचार पद्धति एक नयां उपचार पद्धति भएकोले कतिपय लागूपदार्थ सेवाकर्ता एवं यस क्षेत्रमा काम गर्ने निकायहरुमा यस पद्धतिप्रति सही बुझाइ नभएकोले उपचार छोडेने सम्भावना
१८. जिल्लाका बिभिन्न निकायहरु, गैससहरु, सरोकारवालाहरुद्धारा सञ्चालन गरिएका गतिविधिहरुको सामुहिक अनुगमन गरिनु पर्ने ।
१९. स्थानिय निकायको योजना तर्जुमा प्रक्रियामा खाध्यसुरक्षा सम्बन्धी योजनाहरुलाई प्राथमिकतामा राखिनु पर्ने
२०. स्थानीय स्तरका रहेका सरकारी तथा गैरसरकारी निकायहरुका बीचमा संचालन हुने कार्यक्रमहरुका सन्दर्भमा जानकारी आदान प्रदान गर्नुपर्ने प्रणालीको विकाश गर्नु पर्ने सोको अगुवाई राज्यका सरोकारवाला निकायले गर्नुपर्ने
२१. सरकारी र गैर सरकारी निकाय दुबैको उद्देश्य सामाजिक रुपान्तरण र विकाश नै भएकाले एक अर्काप्रति सहयोगको भावना र संस्कृतिको विकाश गरिनुपर्ने ।